# खुम्बु पासाङल्हामु गाउँपालिका

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८०"

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१०/२३

चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश

नेपाल

प्रमाणिकरण मितिः २०८०/१०/२४

# "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८०"

**प्रस्तावनाः** स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता, विश्वसनीयता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नामः "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि खुम्बु पासाङल्हामु गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकले पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंग ले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "इजाजतपत्र" भन्नाले यस कार्यविधि बमोजिम निर्माण व्यवसाय गर्न दिइने "घ" वर्गको इजाजतपत्र सम्झनुपर्छ ।

(ख) "कार्यालय" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासीकय अधिकृत" भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हैसियतमा काम गर्ने अधिकृत सम्झनुपर्छ ।

(ङ) "नवीकरण" भन्नाले यस कार्यविधि बमोजिम "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्रको प्रत्येक वर्ष गरिने नवीकरण सम्झनुपर्छ ।

## परिच्छेद-२

## इजाजतपत्र सम्बन्धी व्यवस्था

**३. इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुनेः** प्रचलित कानुनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

**४. नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्थाः**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची–१ बमोजिमको ढाँचामा अनुसूचि–५ बमोजिमको विवरण सहित सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि गाउँपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर जाँचबुझ गरी इजाजतपत्र उपलब्ध गराउन आवश्यक सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी | – संयोजक |
| (ख) इञ्जिनियर | – सदस्य |
| (ग) प्रमुख प्रशासकिय अधिकृतले तोकेको सव इञ्जिनियर | – सदस्य सचिव |

(३) उपदफा (२) बमोजिमको इजाजत पत्रका लागि समितिले गरेको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिका समक्ष पेश गर्नेछ ।

(४) कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसूची–२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची–३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(५) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि प्रचलित कानून बमोजिम “घ” वर्गको इजाजतपत्र लिएको भए यसै कार्यविधि बमोजिम कार्यालयमा अनुसुचि–६ को ढाँचामा अभिलेखीकरण गर्न निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन परेकोमा कार्यालयले त्यस्तो इजाजतपत्र सम्बन्धी अभिलेख दुरुस्त राख्नु पर्नेछ ।

**५. इजाजतपत्रको अवधि र नवीकरणः**

(१) दफा (४) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा (७) बमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएमा प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको तीन महिना भित्र प्रचलित कानुन बमोजिम संघ, प्रदेश र

गाउँपालिकालाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण सहित सम्बन्धित कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नवीकरण सहित गाउँपालिकाबाट अनुसूची–२ बमोजिमको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ । इजाजतपत्र नवीकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची–४ बमोजिमको पासबुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफूले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसूची–४ बमोजिमको पास बुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजतपत्र नविकरण गर्न गाउँपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पूरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नवीकरण गर्न माग गरेमा अनुसूची–२ बमोजिमको थप दस्तुर लिई कार्यालयले इजाजतपत्र नवीकरण गरिदिन सक्नेछ ।

(४) यस दफा (३) मा जुनसुकै कुरा लेखीएको भएतापनि दफा (४) को उपदफा (६) बमोजिम अभिलेखीकरण भएको निर्माण व्यवसायीले म्याद समाप्त भएको छ महिना वा सोभन्दा बढी अवधि पश्चात नवीकरण गर्न आएमा जति वर्षको भएपनि प्रत्येक वर्षको लाग्ने दस्तुरको दोब्बर दस्तुर लिई कार्यालयले नवीकरण गरिदिनु पर्नेछ ।

(५) दफा (४) को उपदफा (६) बमोजिम अभिलेखीकरण भएको निर्माण व्यवसायीले दफा (५) को उपदफा (४) को अवधि पछिको प्रत्येक वर्षको नवीकरण सम्बन्धी व्यवस्था दफा (५) को उपदफा (२) र (३) बमोजिम हुनेछ ।

**६. इजाजतपत्रको नामसारीः** गाउँपालिकाबाट जारी भएका इजाजतपत्र देहायको प्रमाण पेश गरेको अवस्थामा एक व्यक्तिको नामबाट अर्को व्यक्तिको नाममा इजाजतपत्र कार्यालयबाट नामसारी गरिदिन सक्नेछ ।

(क) तोकिएको सरकारी निकायमा रहेको सरकारी दायित्व भुक्तानी गरेको निस्सा,

(ख) गाउँपालिकालाई तिर्नुपर्ने कर चुक्ता गरेको प्रमाण पत्र,

(ग) तोकिएको निकाय वा कार्यालयबाट फर्म वा कम्पनी नामसारी गरेको प्रमाण पत्र वा निस्सा,

(घ) इजाजतपत्र प्राप्त निकायले इजाजतपत्र नामसारीको लागि गरेको मञ्जुरीनामा र

(ङ) इजाजतपत्र नामसारीको लागि अनुरोध सहितको निवेदन ।

**७. इजाजतपत्रको खारेजीः**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरेको सम्बन्धित निकायबाट लेखी आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्बन्धित निकायबाट लेखी आएमा,

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) कसैले अनुसूची ८ बमोजिमको ढाँचामा इजाजतपत्र खारेज गर्न निवेदन पेश गरेमा निजको निवेदन बमोजिम इजाजतपत्र खारेज गर्न सकिनेछ । तर गाउँपालिकालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण दस्तुर, शुल्क, दण्ड जरीवाना भुक्तानी गरेको निस्सा अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

८. **इजाजतपत्रको प्रतिलीपि दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलीपि पाउन निवेदन गरेमा अनुसूची–२ बमोजिमका दस्तुर लिई कार्यालयले इजाजतपत्रको प्रतिलीपि दिनु पर्नेछ ।

## परिच्छेद-१

## विविध

९. **प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखीए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूचि-१
कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्बन्धित
ईजाजतपत्रको लागि दिईने निवेदन

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

खुम्बु पाङल्हामु गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

चौंरीखर्क, सोलुखुम्बु ।

**विषय: "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र पाउँ ।**

यस खुम्बु पासाङल्हामु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८०" बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो निवेदन पेश गरिएको छ ।

**१. निवेदन पेश गर्ने फर्म वा कम्पनीकोः-**

नाम:-

ठेगाना:-

पोष्ट बक्स:-

टेलिफोन नं फ्याक्स नं :- इमेल:-

**२. फर्म वा कम्पनीको प्रकृति (कोष्ठमा रेजा लगाउनु पर्नेछ )**

| | |
|---|---|
| प्राइभेट लिमिटेड कम्पनी | |
| एकलौटी | |

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको**

नाम, थर:-

ठेगाना:-

पोष्ट बक्स:-

टेलिफोन नं फ्याक्स नं :- इमेल:-

**४. फर्म वा कम्पनीको विवरणः**

दर्ता मितिः दर्ता नं

अधिकृत पुँजीः- जारी पुँजीः

दर्ता गर्ने कार्यालयको नाम र ठेगानाः-

**५. इजाजत लिन चाहेको वर्गः-** (घ ) वर्ग

**६. समूहीकरण हुन चाहेको समूहः-**

**७. आर्थिक श्रोतको विवरणः-**

| | **रकम** | **वित्तीय सँस्था/बैंकको नाम** |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| वचत खाता | | |
| | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरणः-**

(क) प्राविधिकः

(ख) अप्राविधिकः

(ग) अन्यः

प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि तथा निजको मञ्जुरीनामा पेश गर्नु पर्नेछ ।

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरणः-**

| **सि.नं** | **नाम तथा विवरण** | **दर्ता नं** | **क्षमता सख्या** | **मूल्य** | **खरिद मिति** | **अन्य व्यहोरा** |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

द्रष्टव्यः यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात(दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरणः-**

| सि.नं | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**११. करचुक्ता गरेको प्रमाण कागजातः-**

क.

ख.

ग.

यस निवेदन फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप

निवेदनवालाकोः-

दस्तखतः-

मितिः-

द्रष्टव्यः यस निवेदन फारम साथ निवेदन फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गन सम्बन्धित कागजातको प्रमाणित प्रतिलीपि संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

अनुसूची – २

दफा ४ को उपदफा (४) र दफा ५ को उपदफा (३)संग सम्वन्धित

| क्र.सं. | निर्माण व्यवसायी को वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजतपत्र नवीकरण दस्तुर | ईजाजतपत्र नवीकरण थप दस्तुर | ईजाजतपत्र प्रतिलीपि दस्तुर | अभिलेखीकरण दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | घ | रु. १०,०००/- | रु. ६,०००/- | रु. ४,०००/- | रु. ५००/- | २,०००/- |

द्रष्टव्यः घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

अनुसूची – ३

कार्यविधिको दफा (४) को उपदफा (४)

“घ” वर्गको इजाजतपत्र

खुम्बु पासाङल्हामु गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय,

चौंरीखर्क, सोलुखुम्बु ।

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र कार्यविधि, २०८० को दफा (४) को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ………..स्थित कार्यालय भएको ……………… फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

“घ” वर्गको
इजाजतपत्र

ईजाजतपत्र दिनेकोः
दस्तखतः
नामः
पदः
मितिः

| नविकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर भौचर नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## अनुसूची – ४

## कार्यविधिको दफा (५)को उपदफा (२) सँग सम्बन्धित निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण(पासबुक)

| क्र स | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रम को नाम (यदि भएम) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नामः | क) थप समय | क) सम्पन्न रकम | क) अन्तिम ठेक्का रकम | |
| | | | | | ख) सम्झौता मिति | पदः | क) नामः | ख) सम्पन्न मितिः | ख) सम्पन्न मितिः | |
| | | | | | ग) ठेक्का अवधि | हस्ताक्षरः | ख) पदः | सम्पन्न % | सम्पन्न मितिः | |
| | | | | | | निर्णय मितिः | ग) हस्ताक्षरः | घ) नाम | घ) नाम | |
| | | | | | | छापः | घ) छापः | पदः | पदः | |
| | | | | | | | | हस्ताक्षरः | हस्ताक्षरः | |
| | | | | | | | | छापः | छापः | |

अनुसुची–५

कार्यविधिको दफा (४) को उपदफा (२) संग सम्बन्धित

१. **आर्थिक क्षमता :** प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई सम्बन्धित निकायमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण :** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरण:**

(क) ट्रिपर /टयाक्टर:

(ख) मिक्सर:

(ग) Theodolite/ Level Machine:

(घ) बाटर पम्प:

(ङ) भाइब्रेरटर:

द्रष्टव्य :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पूरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनुसुची–६

कार्यविधिको दफा ४ को उपदफा (५) संग सम्बन्धित

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
खुम्बु पासाङल्हामु गाउँपालिका चौंरीखर्क,
सोलुखुम्बु ।

**विषयः "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र अभिलेखीकरण गरी पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा मैले श्री .............. .............. कार्यालयबाट मिति ................मा दर्ता नं. .....को निर्माण व्यवसाय दर्ता गराई हालसम्मा नवीकरण समेत गरी सञ्चालनमा रहेको निर्माण व्यवसायी इजाजत तथा नवीकरण कार्यविधि, २०८० बमोजिम नियमानुसार लाग्ने दास्तुर लिई अभिलेखीकरण गरीदिनु हुन तपासिल बमोजिम कागजातहरु साथ यो निवेदन पेश गरेको छु ।

**तपसिलः**

(१) ३ जनाको प्रमाण पत्रको प्रतिलिपि थान– १,

(२) अन्य सम्बन्धीत निकायको इजाजत पत्रको प्रतिलिपि थान– १,

(३) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि थान– १,

(४) निर्माण व्यवसायीको पासपोर्ट साइजको फोटो दुई (२) वटा,

| निर्माण व्यवसायीको छाप |
| --- |

निवेदकको

नाम,थरः–

पद :–

ठेगाना:–

अनुसुची–७

कार्यविधिको दफा ४ को उपदफा (५) संग सम्बन्धित

**मितिः**

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
खुम्बु पासाङल्हामु गाउँपालिका चौंरीखर्क,
सोलुखुम्बु ।

**विषयः** "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र नवीकरण गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मैले श्री ............. ......... कार्यालयबाट मिति .............मा दर्ता नं. ........को निर्माण व्यवसाय दर्ता गराई हालसम्मा नवीकरण समेत गरी सञ्चालनमा रहेको निर्माण व्यवसायी इजाजत तथा नवीकरण कार्यविधि, २०८० बमोजिम नियमानुसार लाग्ने दस्तुर लिई व्यवसाय नवीकरण गरीदिनु हुन तपासिल बमोजिम कागजातहरु साथ यो निवेदन पेश गरेको छु ।

**तपसिलः**

(१) सार्वजनिक निर्माण कार्यको अभिलेख पत्रको प्रतिलिपि थान– १,

(२) अन्य सम्बन्धित निकायको इजाजत पत्रको प्रतिलिपि थान– १,

(३) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि थान– १,

| निर्माण व्यवसायीको छाप |
|---|

निवेदकको
नाम,थरः–
पद :–
ठेगाना:–

अनुसुची–८
कार्यविधिको दफा ४ को उपदफा (५) संग सम्बन्धित

**मितिः**

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
खुम्बु पासाङल्हामु गाउँपालिका चौंरीखर्क,
सोलुखुम्बु ।

**विषयः "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र खारेज गरी पाउँ ।**

महोदय,
प्रस्तुत विषयमा मैले श्री ............. ......... कार्यालयबाट मिति .............मा दर्ता नं. ........को निर्माण व्यवसाय दर्ता गराई हालसम्मा नवीकरण समेत गरी सञ्चालनमा रहेको निर्माण व्यवसायी इजाजत तथा नवीकरण कार्यविधि, २०८० बमोजिम नियमानुसार लाग्ने दस्तुर लिई व्यवसाय नवीकरण गरीदिनु हुन तपासिल बमोजिम कागजातहरु साथ यो निवेदन पेश गरेको छु ।

**तपसिलः**
(१) सार्वजनिक निर्माण कार्यको अभिलेख पत्रको प्रतिलिपि थान– १,
(२) अन्य सम्बन्धित निकायको इजाजत पत्रको प्रतिलिपि थान– १,
(३) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि थान– १,

| |
|---|
| निर्माण व्यवसायीको छाप |

निवेदकको
नाम,थरः–
पद :–
ठेगाना:–